# प्रदेश सभा

## प्रदेश नं . ४

## दोस्रो अधिवेशन

## (पहिलो वैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

### मिति : २०७५/०२/१६ गते दिउसो ४:०० वजे

### उपस्थिति :

| क्र.सं. | नाम, थर | जिल्ला | पार्टी |
|---|---|---|---|
| १ | मा. आशा कोइराला | तनहुँ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २ | मा. इन्द्र धारा डादु विष्ट | मुस्ताङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३ | मा. इन्द्र लाल सापकोटा | बाग्लुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४ | मा. ओमकला गौतम | नवलपरासी | नेपाली काँग्रेस |
| ५ | मा. किरण गुरुङ | तनहुँ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ६ | मा. कुमार खड्का | कास्की | नेपाली काँग्रेस |
| ७ | मा. कृष्ण थापा | बाग्लुङ | राष्ट्रिय जनमोर्चा |
| ८ | मा. कृष्ण बहादुर थापा | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ९ | मा. कृष्णचन्द्र नेपाली पोखेल | नवलपरासी | नेपाली काँग्रेस |
| १० | मा. कोपिला वोहरा | बाग्लुङ | नेपाली काँग्रेस |
| ११ | मा. गायत्री गुरुङ | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १२ | मा. चन्द्र बहादुर बुढा | बाग्लुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १३ | मा. चन्द्र मोहन गौचन | मुस्ताङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |

| | | | |
|---|---|---|---|
| १४ | मा. चिन्त वहादुर घले | मनाङ | नेपाली काँग्रेस |
| १५ | मा. जनकलाल श्रेष्ठ | नवलपरासी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १६ | मा. जुना देवी नेपाली | पर्वत | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १७ | मा. टेक बहादुर घर्ती मगर | बाग्लुङ | जनमोर्चा |
| १८ | मा. दिपक कोइराला | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १९ | मा. दिपक थापा | स्याङ्जा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २० | मा. दिलमाया रोका मगर गौतम | बाग्लुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २१ | मा. डोवाटे विश्वकर्मा | तनहुँ | नेपाली काँग्रेस |
| २२ | मा. धनञ्जय दवाडी | लमजुङ् | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २३ | मा. धनमाया पोखरेल (लामा) | गोरखा | नयाँशक्ति पार्टी नेपाल |
| २४ | मा. नरदेवी पुन मगर | म्याग्दी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २५ | मा. नेत्रनाथ अधिकारी | पर्वत | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २६ | मा. पियारी थापा | बाग्लुङ | राष्ट्रिय जनमोर्चा |
| २७ | मा. पुष्पा के.सी. (भण्डारी) | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २८ | मा. पृथ्वी सुब्बा गुरुङ | लमजुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २९ | मा. प्रकाशचन्द्र दवाडी | गोरखा | नेपाली काँग्रेस |
| ३० | मा. प्रभा कोइराला | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३१ | मा. बिन्दु कुमार थापा | कास्की | नेपाली काँग्रेस |
| ३२ | मा. भागवत प्रकाश मल्ल | स्याङ्जा | नेपाली काँग्रेस |
| ३३ | मा. मणि भद्र शर्मा | बाग्लुङ | नेपाली काँग्रेस |
| ३४ | मा. मधुमाया अधिकारी गुरुङ | लमजुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३५ | मा. मनकुमारी गुरुङ | गोरखा | नेपाली काँग्रेस |
| ३६ | मा. मन बहादुर गुरुङ्ग | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |

| | | | | |
|---|---|---|---|---|
| ३७ | मा. | महेन्द्र बहादुर थकाली | मुस्ताङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३८ | मा. | मायानाथ अधिकारी | लमजुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३९ | मा. | मित्रकुमारी गुरुङ सुवेदी | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४० | मा. | मिन प्रसाद गुरुङ्ग | स्याङ्जा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४१ | मा. | मिना गुरुङ | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४२ | मा. | मेख लाल श्रेष्ठ | स्याङ्जा | नेपाली काँग्रेस |
| ४३ | मा. | मोहन प्रसाद रेग्मी | स्याङ्जा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४४ | मा. | राजिव पहारी | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४५ | मा. | राम बहादुर गुरुङ | तनहुँ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४६ | मा. | रामशरण वस्नेत | गोरखा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४७ | मा. | रामजी प्रसाद बराल जीवन | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४८ | मा. | रोशन बहादुर गाहा थापा | नवलपरासी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४९ | मा. | लक्ष्मी सुनार | नवलपरासी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५० | मा. | ललितकला गुरुङ | पर्वत | नेपाली काँग्रेस |
| ५१ | मा. | लेख बहादुर थापा मगर | गोरखा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५२ | मा. | विकास लम्साल | पर्वत | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५३ | मा. | विनोद के.सी | म्याग्दी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५४ | मा. | विष्णु प्रसाद लामिछाने | नवलपरासी | नेपाली काँग्रेस |
| ५५ | मा. | श्रृजना शर्मा | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५६ | मा. | सरिता गुरुङ | तनहुँ | नेपाली काँग्रेस |
| ५७ | मा. | साबित्रा राना | बाग्लुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५८ | मा. | हरि बहादुर चुमान | तनहुँ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५९ | मा. | हरि शरण आचार्य | गोरखा | नयाँ शक्ति पार्टी नेपाल |

प्रदेश सभा, गण्डकी प्रदेशको दोस्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय उपसभामुख श्री श्रृजना शर्माज्यूको अध्यक्षतामा दिनको ४=०६ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

यस प्रदेश सभाको दोस्रो अधिवेशनको पहिलो बैठकमा उपस्थित सबै माननीय सदस्यलाई हार्दिक स्वागत गर्दछु ।

अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गरौं ।

शुरु ... **(मौन धारण)**

धन्यवाद ।

माननीय सदस्यहरु, माननीय प्रदेश प्रमुखबाट यो अधिवेशन आह्वान सम्बन्धी प्राप्त पत्र पढेर सुनाउँछु ।

नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको आर्थिक वर्ष २०७५।०७६ को वजेट अधिवेशन सम्वत् २०७५ साल जेष्ठ १६ गते शुक्रवार अपरान्ह ४ वजे आह्वान गरेको छु ।

..................

बाबुराम कुवँर

प्रदेश प्रमुख

**माननीय सभामुखज्यू**

अव यस सभाको दोस्रो अधिवेशनको प्रथम बैठकको अवसरमा माननीय सदस्यहरुलाई आफ्ना भनाई राख्न समय दिन्छु ।

माननीय श्री मायानाथ अधिकारी लाई बोल्न समय दिन्छु । समय ५ मिनेट ।

## माननीय मायानाथ अधिकारीज्यू

माननीय सभामुखज्यू , हामी बर्खे अधिवेशन खासगरी बजेट अधिवेशन, बजेट अधिवेशनको प्रारम्भको आजको दिन हामी यो अधिवेशनको शुभारम्भमा छौं। यस सन्दर्भमा म सबै माननीयज्यूहरुलाई हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु। हामी प्रदेश सभाको यो बैठकमा उपस्थित भै रहँदा हाम्रो प्रदेश सभाका सभामुख माननीय नेत्रनाथ अधिकारीज्यू आकस्मिक विरामी भएर, अस्वस्थ भएर अस्पतालमा हुनुहुन्छ। म उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। हामीले एउटा अधिवेशन, यसलाई पहिलो अधिवेशन भनौं वा हिंउदे अधिवेशन भनुँ, एउटा अधिवेशन सम्पन्न गरेका छौं। नेपालको संविधान, २०७२ हामीले प्राप्त गरिसकेपछि प्राप्त भएको संघीयताको कार्यान्वयनको सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहका तीन तहका सरकारहरु स्थापना भएका छन्। तीन तहको व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका तीनै तहको त्यो एउटा संरचना निर्माण भएको छ। हामी प्रदेश सभामा उपस्थित छौं। पहिलो अधिवेशनमा हामीले प्रदेश सभालाई व्यवस्थित गर्न, प्रदेश सभादेखि स्थानीय तहका कतिपय कानुनहरु, प्रदेश सभाका कानुनहरु, प्रदेश सभासँग सम्बन्धित प्रदेश सरकारसँग सम्बन्धित कानुनहरु निर्माण गरेका छौं केही महत्वपूर्ण कामहरु सम्पन्न गरेका छौं। अझै धेरै कामहरु, धेरै कानुनहरु बनाउन बाँकि छ। धेरै कामहरु गर्न बाँकि छ। यो बर्खे अधिवेशन यो बजेट अधिवेशनमा हामी ती कतिपय महत्वपूर्ण काम सम्पन्न गर्ने छौं। मलाई अनुभव छ, हामी सबै एउटा नया विद्यालयमा भर्ना भएका छौं। यो विद्यालयमा सिक्ने सिकाउने, सिकाउने होइन सिक्ने, हामी सबै सिक्ने चरणमै छौं। यो सिक्ने दौरानमै हामीले काम गरी रहेका छौं किनभने प्रदेश सभासद कोही पनि पहिला भएको थिएन। प्रदेश सभा पहिला थिएन। हामी सबै प्रदेश सभाको पहिलो सदस्य हो। त्यसकारण हामी सिक्ने र बनाउने काममै छौं। स्थापनाको जग, जगै बनाएर अगाडी बढने स्थितिमा छौं। त्यो सन्दर्भमा कतिपय समस्या कतिपय अप्ठयारा कतिपय सजिला कामहरु पनि होलान्। ति सबै कुरालाई हामी आत्मसात गर्दै

समस्याको समाधान गर्दै चुनौतिलाई सामना गर्दै अगाडी बढाउने बढने दौरानमै छौं। कतिपयले प्रदेश सभाको औचित्य माथि क्वेश्चन पनि उठाई रहेका छन्। यो प्रदेश सभालाई कमजोर पार्ने खालका गतिविधिहरु अभिव्यक्तिहरु पनि दिएको हामी सुन्छौं। यो संरचनालाई कमजोर पार्ने ढंगले व्यवहार गरिएका कुरा पनि हामी सुन्छौं देख्छौं अझैपनि यो प्रदेश सभालाई प्रभावकारी बनाउनका निम्ति कतिपय कानुनहरु आउन बाँकि नै छ। माथिबाट पनि संघको सरकारले दिन पनि बाँकि नै छ। कतिपय हाम्रा मर्यादाक्रमहरु मिलाउन पनि बाँकि नै छ। कतिपय बजेट व्यवस्थापनका कुराहरुलाई पनि व्यवस्थित प्रभावकारी बनाउने कुरा पनि होलान् । हामी चाहन्छौं प्रदेश सरकार प्रदेश सभा अझ अझ प्रभावकारी बनोस्, अझ व्यवस्थित बनोस्, यसको विकल्प होइन अब नेताहरुले भन्नु भयो जस्तै हाम्रो अब पछाडीको पुल भत्कि सक्या छ, अथवा हामीले संघीयतालाई आत्मसात गरी सक्या छौं। लोकतन्त्र, लोकतान्त्रिक गणतन्त्रलाई संघीय लोकतान्त्रिक गणतन्त्रलाई आत्मसात गरी सक्या छौं, धर्मनिरपेक्षता र समावेशितालाई आत्मसात गरी सक्या छौं। त्यो भन्दा पछाडी फर्किने अहिले अवस्था छैन त्यो भन्दा अगाडी बढेरै, हामी सबै मिलेर सत्तापक्ष प्रतिपक्ष सबै मिलेर, हामीले हाम्रो प्रदेशलाई प्रभावकारी बनाउनु जरुरी छ, सक्षम बनाउन जरुरी छ, सुदृढ बनाउन जरुरी छ, सभ्य, सुसँस्कृत बनाउन जरुरी छ, संवृद्ध बनाउन जरुरी छ। यहाँका जनताहरुले अझै पनि कतिपय ठाउँमा विकासको योजनाहरु प्रभावकारी बनाउन पुगि सकेको छैन, धेरै गरिबी पनि अझै पनि छ, धेरै अशिक्षा अझै पनि छ, पछौंटेपन छ। त्यो गरिबी र पछौंटेपनलाई मुक्त गर्नको निम्ति हामी सक्षम हुनु पर्दछ। त्यो दायित्व बोकेर, त्यो जिम्मेवारी बोकेर हामी अगाडी आएका छौं। त्यस कारण म भन्न चाहन्छु। अब आगामी दिनमा अझै प्रदेश सभालाई, यो हाम्रो जिम्मेवारीलाई अझ प्रभावकारी बनाउने काममा, हामी सबै मिलेर अगाडी बढौं, मनमा भ्रम अथवा कतिपय आशंका, कतिपय  जिज्ञासाका कुरा होइन अब यो हुन्छ कि हुँदैन, गर्ने कि नगर्ने होइन, गर्ने, राम्रो गर्ने बलियो बनाउने प्रभावकारी बनाउने, यो हाम्रो जिम्मेवारी हो। हामी अगाडी बढछौं, प्रभावकारी बनाउँछौं र प्रदेश सभालाई अझै प्रभावकारी बनाउँछौं। संघीयतालाई कार्यान्वयन गर्छौं र सभ्य प्रदेश, समृद्ध प्रदेश

हामी बनाउँछौं भन्ने कुरामा हामी दृढ भएर, हामी सबै मिलेर, एकताबद्ध भएर अगाडी बढौं। म यही अनुरोध गर्न चाहन्छु। सबै माननीय सदस्यहरु प्रदेश सभाका साथीहरुलाई सबैलाई हार्दिक अभिवादन र स्वागत गर्दै मेरो भनाई अन्त्य गर्छु। धन्यवाद।

## माननीय सभामुखज्यू

माननीय श्री कृष्ण चन्द्र नेपाली पोखरेललाई बोल्न समय दिन्छु । समय ५ मिनेट ।

## माननीय कृष्णचन्द्र नेपाली पोखरेलज्यू

सभामुख महोदय, संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनका सन्दर्भमा आज प्रदेश नं. ४ यो सम्मानित सभामा बजेट अधिवेशनका सन्दर्भमा केही कुराहरु राख्न उपस्थित भएको छु। म सबैभन्दा पहिले मेरा केही भनाईहरु राख्न भन्दा अगाडी माननीय सभामुखज्यूको शिघ्र स्वास्थ्य लाभको कामना र मेरो पार्टी र मेरो दलको तर्फबाट उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। साथ साथै सभामुख महोदय, आज मुलुकमा गणतन्त्र स्थापना भएको हाम्रो गणतन्त्र, दश वर्ष पुगेर एघार वर्षमा लागेको अवस्था छ, यसमा हामीले धेरै उपलब्धिहरु लियौं तापनि ति विर शहिदहरु जसले सपना बोकेका थिए, ति विर शहिदहरु जसले आफूलाई बलिदान गरे, तिनका सपना पुरा गर्न अझै धेरै टाढा छ र पनि म यो सम्मानित सभामा उपस्थित भएर ति सम्पूर्ण शहिदहरु प्रति सम्मान श्रद्धान्जली व्यक्त गर्न चाहन्छु र ति योद्धाहरु जो घाइते भएका छन्। ति योद्धाहरु, जो अपाङ्गता हुनका लागि बाध्य भएका छन् , ति विर योद्धाहरुलाई पनि म नमन गर्न चाहन्छु। यसो नमन गर्दै गर्दा, म नेपालको लोकतान्त्रिक आन्दोलन, लोकतान्त्रिक समाजवादका प्रवक्ता हामी नेपाली काँग्रेसले भन्दैछ जननायक विपी कोइराला, गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई, गिरिजा प्रसाद कोइराला, सुशिल कोइरालासम्मका व्यक्तित्वहरु त्यस्तै नेपालमा लोकतन्त्र स्थापनाका लागि र यो मुलुकमा वाम प्रजातन्त्र र वामपन्थी एक भएर लडनु पर्छ भन्ने कम्युनिष्ट पार्टीका संस्थापक कमरेड पुष्पलाल

श्रेष्ठज्यू , मनमोहन अधिकारी , मदन भण्डारी लगायत सम्पूर्ण व्यक्तित्वहरु प्रति म श्रद्धान्जली र सम्मान व्यक्त गर्न चाहन्छु। सभामुख महोदय, मैले रोष्ट्रममा उभिदैं गर्दा म मेरो, हाम्रा माननीय मुख्यमन्त्रीज्यूलाई पनि बधाई दिन चाहन्छु कि उहाँले, उहाँलाई सवा अर्ब जनसंख्या भएको विश्वको सबै भन्दा ठूलो लोकतन्त्रको प्रधानमन्त्रीलाई आफ्नै प्रदेशमा त्यो ठाँउमा जुन स्वागत गर्ने अवसर उहाँले पाउनु भयो त्यसको लागि पनि धन्यवाद दिन चाहन्छु र बधाई दिन चाहन्छु। हिजो हाउस बस्दै गर्दा उहाँको गठबन्धनको नेता हुनुहुन्थ्यो आज नेकपाको नेताको रुपमा प्रस्तुत हुनुहुन्छ, यस अर्थमा पनि धन्यवाद दिन चाहन्छु, बधाई दिन चाहन्छु। र यसो भन्दै गर्दा आज विश्वमा खेलको क्षेत्रमा क्रिकेटको क्षेत्रमा जो एउटा युवाले जुन हाम्रो एउटा लाज बचाएको छ विश्वको सामुने आएको छ। सन्दिप लामिछाने उहाँलाई पनि म यहाँ बधाई दिन चाहन्छु यो सभा मार्फत। सभामुख महोदय, म धेरै राजनीतिक कुरा म किन गर्दैन भने हाम्रो राजनीतिक मुद्दा टुँगिएको छ र हामी विकास तर्फ लम्किएका छौं र म अघिल्लो संविधान सभा, यो प्रदेश सभामा बोल्दै गर्दा मैले यो प्रदेश सभा विश्वलाई नै आकर्षित गर्ने केही पूर्वाधार सम्पदाहरु छनौट भनेर मैले भनेको थिएं र त्यतातिर इंगित गर्दै म एउटा अनुरोध गर्न चाहन्छु। दुईवटा कुरा हामीहरुले गर्नु नै पर्छ, एउटा निकट भविष्यमा हुने उत्तरी मित्रराष्ट्र चीनका महामहिम राष्ट्रपतिको भ्रमणमा मुक्तिनाथलाई पनि जोडने प्रयत्न गर्नु पर्छ भन्ने मेरो अनुरोध छ। किन भने यसो हुँदै गर्दा हाम्रो प्रदेश हाम्रो यो क्षेत्र करिब अढाई अरब जनताको बिचमा धार्मिक पर्यटकीय या पर्यटकीय स्थलको रुपमा परिचित हुने एउटा अवसर पाउँछ त्योलाई सदुपयोग गर्नु पर्छ मलाई लाग्दछ। त्यति मात्रै होइन मैले एउटा अर्को निवेदन गर्न चाहन्छु सभामुख महोदय, यो क्षेत्रमा हामीले अहिलेसम्म धेरै बुझ्न नसकेको एउटा वस्तु छ, एउटा वस्तु र दुनियाँको आँखा परेको थियो त्यो भनेको हो त्यो शालिग्राम टेथिस सागरबाट उत्पत्ति भएको हिमालबाट आएको **(माननीयज्यू समय सकियो)** काली गण्डकीमा पाइने शालिग्राम जो एउटा धार्मिक वस्तु मात्र नभएर करौडौं वर्ष पहिलै करौडौं वर्ष पहिलेको पर्यावर्णीय इतिहास स्टडी गर्ने त्यो एउटा वस्तु चीज भएको हुनाले म के चाहन्छु भनेदेखि त्यसलाई विश्व सम्पदा सूचीमा राखेर यो काली

गण्डकी यो होल यो नदिलाई एउटा विश्व सम्पदा सूचीमा राख्ने भन्ने अनुरोध गर्दै म विदा हुन चाहन्छु। धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय श्री आशा कोइरालालाई बोल्न समय दिन्छु । समय ५ मिनेट ।

**माननीय आशा कोइरालाज्यू**

माननीय सभामुख महोदय, प्रदेश सभाको दोस्रो अर्थात् बजेट अधिवेशनमा बोल्ने अवसर प्राप्त भएकोमा सर्वप्रथम खुशी व्यक्त गर्न चाहन्छु र माननीय सभामुख नेत्रनाथ अधिकारीको शिघ्र साथै पूर्ण स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। माननीय सभामुखको पूर्ण स्वास्थ्य लाभको कामना साथ साथै प्रदेश सरकारले उहाँको उपचारसँग सम्बन्धित सबै पक्षको व्यवस्थापन गर्ने कुरामा पूर्ण विश्वास पनि व्यक्त गर्न चाहन्छु। प्रदेश संसदको चालु अधिवेशनको समिक्षा गर्दा केही गएको अधिवेशनको समिक्षा गर्दा हामीले धेरै कामहरु सम्पन्न गर्यौं। केही महत्वपूर्ण विधेयकहरु निर्माण गरेका छौं जसलाई हामीले प्रभावकारी ढंगले पारित पनि गरिसक्यौं र प्रदेश सरकारले नीति तथा कार्यक्रम साथै बजेट समेत पारित गरिसकेको छ र यो प्रभावकारी कार्यान्वयनको चरणमा छ। यति बेला हामीले विगतको नीति कार्यक्रम र बजेट अनि कार्यक्रमको प्रकृयालाई राम्रोसँग नियालेका छौं। तैपनि सरकारसँग म आग्रह गर्न चाहन्छु त्यस्को कार्यान्वयन कहाँ पुगेको छ, सदनलाई थोरै भएपनि जानकारी गराई दिन हुन हार्दिक अनुरोध गर्दछु। साथै प्रदेश सरकारले गरेका जति पनि प्रभावकारी कामहरु छन् यहि कामहरुको, यहि कामहरुमा टेकेर हामीले यो आजबाट प्रारम्भ भएको बजेट अधिवेशनलाई झनै प्रभावकारी बनाउन सक्ने छौं भन्ने कुरामा मैले विश्वास लिएको छु। नेपाल सरकारले हिजै मात्र नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ संघीय संसदमा। नेपाल सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम दीर्घकालीन महत्वको छ। हामीले हेर्दाखेरि महत्वाकाँक्षी छ। तैपनि हामीले, यसले बेरोजगारी समस्या हल गर्ने साथै राष्ट्रमा ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने र सबै जाति वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई सम्बोधन गर्ने ढंगले केन्द्र सरकारले बजेट ल्यायो तर हाम्रो दुखद

पक्ष के छ भने तुलनात्मक रुपमा हाम्रा ७ वटा प्रदेशहरुमा ४ नम्बर प्रदेशका लागि अत्यन्त न्यून बजेट संघीय सरकारले हामीलाई अनुदानको रुपमा प्रदान गरेको छ। यसबाट हामीलाई एउटा चुनौति खडा भएको एउटा अनुभूति मैले गरेको छु कि प्रदेश नम्बर ४ अत्यन्तै महत्वपूर्ण थियो यसलाई पनि बजेट अन्य प्रदेशको तुलनामा बढि आउनु पर्थ्यो। संघीयताको महत्वलाई बोध गर्दा पनि ५०% बजेट मात्रै तल गएको छ ५०% बजेट माथि नै छ। अब हाम्रो चुनौति कसरी यो प्रदेशलाई हामीले समृद्ध बनाउनको लागि यो प्रदेशका आवश्यकता समस्या र हामीले यो राष्ट्रको विकास र संमृद्धिको लागि चालेका कुनै पनि योजनाहरुलाई सम्पन्न गर्नको लागि आय वृद्धि गर्न जरुरी देखिन्छ। त्यस कारण त्यसतर्फ हाम्रो केन्द्रित, ध्यान केन्द्रित होस्। आगामी यस चालु अधिवेशनले अब फेरि पनि नीति तथा कार्यक्रमहरु ल्याउने छ।सरकारले त्यो प्रस्तुत गर्नेछ। बजेट पनि प्रस्तुत गर्नेछ। त्यतिबेला हामीले बजेट प्रस्तुत भएको बजेटबाट हामीले हिजो निर्वाचनको बेला जनतालाई जति अपेक्षाहरु बाँडेका छौं जति आशा जनतालाई हामीले देखाएका छौं त्यो अनुसार अपेक्षित आशा अनुसार हाम्रा नीति कार्यक्रमहरु ल्याउन जरुरी छ। बजेटहरु त्यस तर्फ केन्द्रित गर्न जरुरी छ। के कस्ता कार्यक्रम ल्यायौं भन्दा पनि जनताको जीवनस्तरमा कति परिवर्तन गर्न हामीले योबाट सक्छौं भन्नेबाट हामीले नीति कार्यक्रम र बजेटको अथवा योजनाहरुको मापन गरिनु पर्छ भन्ने मलाई लाग्छ। त्यस कारण सम्पूर्ण माननीय सदस्यज्यूहरुसँग, म सभामुखसँग अनुमति लिएर आग्रह गर्न चाहन्छु। हामीहरुले सहकार्यको बाटोबाट अगाडी बढेका छौं। हामीले प्राप्त गरेको संघीयता हामी अहिले कार्यान्वयनको चरणमा छौं। हामीले प्राप्त गरेको धेरै ठूलो बलिदानबाट प्राप्त गरेको नयाँ संविधान कार्यान्वयनको चरणमा हामी छौं **(माननीयज्यू समय सकियो)** यसलाई कार्यान्वयन गरेर साँच्चै यो राष्ट्रलाई विकास संमृद्धिको दिशामा लैजानको लागि जनताको जीवनलाई फेर्नको लागि हामी सबैले सबै संसदमा रहेका सबै राजनीतिक दलहरुको सहकार्यको अपरिहार्यता छ। एउटै लक्ष्य, एउटै अठोठ र दृढताको अपरिहार्यता छ। त्यो प्राप्त हुनेछ भन्ने आशाका साथ यो अधिवेशनको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दै विदान हुन्छु। धन्यवाद।

**माननीय सभामुखज्यू**

माननीय श्री कृष्ण थापा लाई बोल्न समय दिन्छु। समय ५ मिनेट।

**माननीय कृष्ण थापाज्यू**

माननीय सभामुख महोदय, सर्वप्रथम सभामुख नेत्रनाथ अधिकारीज्यू र बाग्लुङ्ग जिल्ला प्रदेश नम्बर प्रतिनिधि सभा २, प्रदेश नम्बर २ का सदस्य टेकबहादुर घर्तिज्यूको स्वास्थ्य लाभको कामना गर्दछु। विशेष गरेर हामीले प्रदेश सभा सञ्चालन पछि थुप्रै विषयमा छलफल गर्यौं। त्यस सन्दर्भमा थुप्रै विधेयकहरु पनि हामीले पास गर्यौं र त्यस सन्दर्भमा बनेका कतिपय नीति र कार्यक्रमहरु आर्थिक बजेटका कार्यक्रमहरुलाई पनि हामीले समर्थन गर्यौं। त्यसको साथसाथै हामीले ति नीति र बजेटमा क्षेत्र ठाउँ र भूगोलहरुलाई पनि उल्लेखित गर्न नसकेका कुराहरु पनि हामीले त्यहाँ उठाउने काम गर्यौं। त्यसले गर्दा मलाई लाग्छ यो आर्थिक अधिवेशनले ति विगतका नसमेटिएका प्रतिनिधित्व हुन नसकेका र समावेश हुन नसकेका कुराहरुलाई आगामी दिनमा अलि बढी र अलि मसिनोसाथ अध्ययन गरेर मनन गरेर ति कुराहरु समेटिने छ भन्ने कुरा म यहाँहरुसँग र प्रदेश सरकारसँग विनम्रतासाथ अनुरोध गर्न चाहन्छु र हामीले यहाँहरुको अगाडी, हामीले सधैं भनी रहेको कुरा के हो त भने संघीयताको यो असाध्यै ठूलो महंगो भारी शायद बोकेर किनारा लाउन सकिन्छ कि सकिन्न भन्ने चुनौति हाम्रो अगाडी छ। यहाँहरुले सक्छु भन्नु भएको छ तर हामीले सक्नु हुन्न भनिएको छ। हाम्रो अध्यक्षले त भनी सक्नु भएको छ। प्रदेशमा यस्तो किसिमको भारी यदि बोकेर हिडिन्छ भने, यो प्रदेशका उत्पिडित जनताहरुले वास्तवमा समस्या समाधान गर्न सक्छन् कि उनीहरुले? त्यो पुरा गर्न सक्दैनन् भन्ने कुराहरु पनि एउटा समस्या र चुनौति कै सिन रहेछ। त्यस कारण म भारी बोक्ने साथीहरुलाई नसकि नसकि बोक्न म अनुरोध गर्छु नबोक्न अनुरोध गर्न चाहन्छु र यति भन्दै अन्तिममा आगामी दिन विशेष गरेर बजेटका दिन र विशेष गरेर जनताका समस्यालाई प्रतिनिधित्व गर्ने दिन भएका कारणले गर्दा मलाई लाग्छ आवश्यकताका आधारमा,

समानता आधारमा र ठाउँ र क्षेत्रहरुको पिछडिए ठाउँका आधारमा, हामीले योजनाहरु छनौट गर्नु पर्ने हुन्छ र अहिले हामीले देख्यौं करिब करिब १ महिना बाँकि छ। १ महिना हामीले बितायौं। यो समयमा के हामीले गयौं त? शायद हामीले छुट्टाइएका बजैटहरु डिपीआर गर्न सक्यौं कि? मलाई लाग्छ सकेनौं। हामीले जनताका लागि सम्बोधन गरेका कतिपय योजनाहरु जनताका माँझमा पुऱ्यायौं त? वास्तवमा पुऱ्याउन सकेनौं। यसको पछाडी के ले काम गरेको छ? यो कुन कुराले गरेको छ? त्यै भएर मलाई लाग्छ ति योजनाहरुलाई पुरा गर्नका लागि धेरै चिन्तनका साथ अगाडी बढनु पर्ने थियो। यो एउटा कमजोर पक्ष रहेको छ कि? त्यसकारण यसलाई आगामी दिनमा पुरा गर्ने प्रदेश सरकारले कोशिश प्रदेश सरकारले गर्ने छ। यहि शुभकामना व्यक्त गर्दै आफ्नो कुरा यहिं टुङ्गयाउँछु। धन्यवाद।

## माननीय सभामुखज्यू

माननीय श्री हरिशरण आचार्यलाई बोल्न समय दिन्छु। समय ५ मिनेट।

## माननीय हरिशरण आचार्यज्यू

माननीय सभामुखज्यू, यो बजेट अधिवेशनको पहिलो दिन हामी यो प्रदेश नम्बर ४, यो हलमा उभिएर बोल्दै गर्दा आज हामीले डयासमा सभामुखज्यू नभएको देखि रहेका छौं। आज उपसभामुखज्यूबाट यो संसद चली रहेको छ। शायद हामी सबै जानकार छौं। सभामुखज्यू बिरामी हुनुहुन्छ र उहाँको शिघ्र स्वास्थ्य लाभको हाम्रो दलको तर्फबाट कामना गर्न चाहन्छु र विशेष गरी यसै साथ माननीय सदस्य श्री टेकबहादुर घर्तिको पनि स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। र आज यो पहिलो दिनको यो सन्दर्भमा शायद हामी विगतका दिनहरु हामी सम्झि राखेका छौं। अघिल्लो अधिवेशन हामीले सम्झिएका छौं। हामीले अघिल्लो अधिवेशनमा हाम्रा काम कारवाहीहरु सरकार संसद हामीले सबैलाई तुलना गरेर हेरी राखेका हौं। सरकार आज राजनीतिक कार्यभारको हिसाबले अगाडी देखिन्छ तर काम कारवाहीका हिसाबले सुस्त देखिन्छ। सरकार, राजनीतिक हिसाबले हामीले जुन

लक्ष्य उद्देश्य राखेर अगाडी बढि रहेका छौं यो देशमा गणतन्त्र आयो राजतन्त्र गएर गणतन्त्र आयो। जनताले दुख पिडा सबैबाट, त्यो उत्पिडनबाट मुक्त पाउने एउटा अधिकार, कुण्ठित भएको एउटा अधिकारबाट, एउटा आफूलाई मुखरित गर्ने एउटा प्रयत्न गर्यो। त्यो मुखरित गर्ने प्रयत्नबाट माथि उठदै आउँदा यो ४ नम्बर प्रदेश एउटा संघीय संरचनाको एउटा बिचमा बन्यो। आज त्यो संघीयता धरापमा पर्दैछ। यो कुरा केन्द्रले पनि हिजो मतलब अस्ति जो सम्माननीय राष्ट्रपतिज्यूले जो सरकारको नीति तथा कार्यक्रममा पेश गर्दाखेरि हामीलाई के आभास हुन्छ भन्दाखेरि यो मुलुकमा संघीयता धरापमा पर्दैछ। सो प्रदेशलाई जब बायस गर्ने खालको जुन खालको नीति तथा कार्यक्रम जुन ढंगले बायस गर्ने कार्यक्रमहरु ल्याइन्छ। त्यतिबेला साँच्चै धरापमा पर्ने कुरा र संघीयता विरोधीहरुलाई साथ पुग्ने कुरा यो अस्वाभाविक बन्न जान्छ यसलाई कार्यान्वयन गरेर त्यसैले यो कुरामा सरकार सतर्क बनोस्, आगामी दिनहरुमा म यो चाहन्छु। अर्को कुरा यो हामीलि यो सदनमा उभिएर बोल्दै गर्दा साँच्चै संसदले निर्वाह गर्ने पर्ने भूमिकाको सन्दर्भमा, सरकारले निर्वाह गर्नु पर्ने भूमिकाको सन्दर्भमा, साँच्चै हामी आगामी दिनको कार्यभार आर्थिक विकास र संमृद्धिको एउटा अभियान पुरा गर्न सक्छौं ? यदि पुरा गर्ने हो भने यो सुस्त तरिकाले शायद सम्भव छैन। एउटा गतिका साथ हामीले अबको, अबको ५-१०-२५ वर्षमा हामीले कस्तो खाका दिन सक्छौं? कस्तो योजना दिन सक्छौं? अनि त्यस पछाडी जनतालाई त्यसमा संधै साथ लिएर त्यसमा राजनीतिक दललाई सधैं साथलिएर जान सक्छौं कि सक्दैनौं त्यो हेर्न बाँकि नै छ। त्यसैले सरकार हामी राजनीतिक दल र सबैले त्यो भूमिकामा आफ्नो मार्ग प्रशस्त गर्न जरुरी छ र आगामी दिनहरुमा हामीले त्यो भूमिका निर्वाह गर्न सक्यौं भने यो मुलुक साँच्चै हामीले चाहेको जनताले चाहेको आर्थिक विकास र संमृद्ध बन्ने कुरा सम्भव छ। यहि आशा र अपेक्षा सहित आफ्नो भनाई यहिं टुङ्गयाउँन चाहन्छु। धन्यवाद। नमस्कार।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई **"प्रदेश आकस्मिक कोष सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक"** प्रदेश सभा नियमावलीको नियम १०६ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यू**

माननीय सभामुख महोदय, प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले प्रदेश सभा सचिवालयमा मिति २०७५ वैशाख १४ गते दर्ता भएको **"प्रदेश आकस्मिक कोष सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक"** नेपालको संविधानको धारा १९८ को उपधारा १ र २ तथा प्रदेश नं. ४ प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई **"स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** प्रदेश सभा नियमावलीको नियम १०६ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानज्यू**

माननीय सभामुख महोदय, सभामुख महोदयको अनुमतिले स्थानीय तहको कानुन निर्माण प्रकृयाका सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले प्रदेश सभा सचिवालयमा मिति २०७५ बैशाख १६ गते दर्ता भएको **"स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा प्रदेश सभा तथा प्रदेश नं.४ प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई **"प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) विधेयक, २०७५"** प्रदेश सभा नियमावलीको नियम १०६ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यू**

माननीय सभामुख महोदय, प्रदेश नं. ४ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न आवश्यक भएकोले प्रदेश सभा सचिवालयमा मिति २०७५ ज्येष्ठ १३ गते दर्ता भएको **"प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) विधेयक, २०७५"** नेपालको संविधानको १९८ को उपधारा १ र २ तथा प्रदेश नं. ४ प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब म "माननीय सभामुख श्री नेत्रनाथ अधिकारी अस्वस्थ भई हाल नेपाल मेडिसिटि हस्पिटल, ललितपुरमा र माननीय सदस्य श्री टेक बहादुर घर्तीमगर अस्वस्थ भई हाल ग्रान्डी हस्पिटल, काठमाण्डौमा उपचाररत रहनु भएको हुँदा यस सभाको तर्फवाट उहाँहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।"

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल जेठ १६ गते दिनको ५ बजे सम्मको लागि स्थगित हुन्छ ।**